# रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको

# आठौं बार्षिक साधारण सभामा भएको छलफल तथा निर्णयको विवरण

## (माइन्यूट)

मिति २०८२/०३/०२ गतेका दिन यस **"रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड"** को आठौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूको सभापतित्वमा बसी देहायका बिषयहरुमा छलफल भई देहाय वमोजिमका प्रस्तावहरु पारित गरियो ।

**सभाको मिति, समय र स्थान :-**

मिति :- २०८२/०३/०२ गते सोमवार (१६ जुन २०२५)

स्थान :- आम्रपाली व्यांकेट, भाटभटेनी, काठमाडौं

समय :- बिहानको ११:०० बजे

**सभाको सूचना प्रकाशन :-**

यस कम्पनीको मिति २०८२/०२/०७ मा बसेको संचालक समितिको १५२ औं बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ अनुसार साधारण सभा बस्ने मिति, समय, स्थान र छलफल हुने बिषयहरु उल्लेख गरी मिति २०८२/०२/०९ र मिति २०८२/०२/२२ गतेको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा बार्षिक साधारण सभा सम्बन्धी सूचना प्रकाशित गरिएको त्यसै गरी SMS मार्फत पनि जेष्ठ ३० गते शेयरधनीहरुलाई जानकारी पठाइएको र साधारण सभा सम्बन्धी सूचना तथा कम्पनीको वित्तीय विवरणहरु सहितको आठौं वार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.reliablelife.com.np मा समेत राखिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी नियकायहरु : श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र वोर्ड, श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड, लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एशोसिएट्स र कानूनी सल्लाहकार बरिष्ठ अधिवक्ता श्री सुरेन्द्र वहादुर थापालाई पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

**छलफलका विषयहरु:**

(१) सामान्य प्रस्तावहरु :

(क) संचालक समितिको आठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity,२०८० श्रावण १ गतेवाट २०८१ आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसूचीहरु उपर छलफल गरी पारीत गर्ने ।

(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०८०/०८१ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने।

घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियूक्तिको लागि योग्य हुनुहुन्छ) ।

(ङ) कम्पनीको आ.व. २०८०/८१ सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्व ६४ करोडको ०.६३ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरिए बमोजिमको वोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने ।

(२) विशेष प्रस्तावहरु

(क) संचालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.४,६४,००,००,०००।०० को १२ प्रतिशतले हुने वोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने ।

(ख) वोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पुँजी रु. ५,१९,६८,००,०००।०० पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ को (ख) र (ग) मा भएको तत्कालिन जारी र चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारीत गर्ने ।

(ग) संशोधित प्रवन्धपत्र अभिलेख गर्ने क्रममा: नियमनकारी निकायहरुवाट कुनै फेरबदल गर्न वा अन्य आवश्यक कार्यहरु गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) विविध :-

Reliable Nepal Life Insurance Ltd. Kathmandu

उपस्थिति :-

सञ्चालकहरु :

| | | | |
|---|---|---|---|
| १. | श्री उदय नेपाली श्रेष्ठ | - अध्यक्ष | |
| २. | श्री अन्जु पाण्डे | - सञ्चालक | |
| ३. | श्री इन्द्र प्रसाद शर्मा | - सञ्चालक | |
| ४. | श्री शरद चन्द्र पौडेल | - सञ्चालक | |
| ५. | प्रा. डा.श्री प्रकाश भट्टराई | - सञ्चालक | |
| ६. | डा. श्री भिष्म कार्की | - सञ्चालक | अनुपस्थित |
| ७. | श्री दिवेश लोहनी | - सञ्चालक | |

पदाधिकारीहरु तथा आमन्त्रितहरु :

| | |
|---|---|
| १. श्री नारायण वावु लोहनी | प्रमुख कार्यकारी अधिकृत |
| २. वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र वहादुर थापा | कानूनी सल्लाहकार |
| ३. श्री दिपेश वावु तिवारी | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. श्री माधव राज शर्मा पोखेल | कम्पनी सचिव |
| ५. श्री शैलेन्द्र श्रेष्ठ | सहायक महाप्रवन्धक |
| ६. श्री युवराज शर्मा | मुख्य प्रवन्धक |
| ७. श्री कल्याण राज हल्वाई | मुख्य प्रवन्धक |
| ८. श्री प्रकाश कुमार धिताल | का.मु. मुख्य प्रवन्धक |

शेयरधनीहरुको उपस्थिति

| उपस्थितिको विवरण | उपस्थित संख्या | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| स्वयं उपस्थित | ५३६ | २२,४१,५६५ |
| प्रतिनिधि मार्फत उपस्थित | १५५ | २,१६,३१,९६० |
| जम्मा | ६९१ | २,३८,७३,५२५ |

Reliable Nepal Life Insurance Ltd. Kathmandu

## सभाको गणपुरक संख्या

| उपस्थित शेयरधनीको संख्या | जम्मा शेयर संख्या | स्वयं उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क) | प्रतिनिधि मार्फत उपस्थित भै प्रतिनिधित्व भएको शेयर (ख) | जम्मा उपस्थित (क) + (ख) | जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ६९१ | ४,६४,००,००० | २२,४१,५६५ | २,१६,३१,९६० | २,३८,७३,५२५ | ५१.९५ |

**सभाको बैधानिकता :-**

प्रस्तुत आठौं वार्षिक साधारण सभा गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम सभा बस्ने मिति, समय, स्थान र छलफलका विषयहरु उल्लेख गरी शेयरधनीहरुलाई सूचना दिइएको र साधारण सभाको माथि उल्लेखित हाजिरी रेकर्ड अनुसार यस कम्पनीको कुल शेयर संख्या ४,६४,००,००० को ५१.९५ प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी जम्मा ६९१ जना शेयरधनीहरु साधारण सभामा (स्वयं एवं प्रतिनिधि मार्फत) उपस्थित हुनु भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) र यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा बस्नको लागि गणपुरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ तथा प्रचलित ऐन, नियम, कानून बमोजिम सभा वैधानिक रहेको ब्यहोरा सभा समक्ष कम्पनी सचिवले जानकारी गराए पश्चात आठौं वार्षिक साधारण सभाको कार्यक्रम सुरु भयो ।

**सभाको सभापतित्व:** सभाको बैधानिकता पुरा भए पश्चात कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियामावलीको नियम १९ अनुसार यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूलाई आठौं वार्षिक साधारण सभाको सभापतित्व गरीदिनुहुन सभा सञ्चालक कम्पनी सचिवले आग्रह गर्नु भए पश्चात कम्पनीका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**सभाको उद्घाटन तथा सञ्चालन:** सञ्चालक समितिका अध्यक्षज्यूले कम्पनीको आठौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपश्चात कार्य तालिका अनुसार सभा सञ्चालकको अनुरोधमा सभाको सभापतित्व गर्नु भएका अध्यक्षज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री नारायण वावु लोहनीले सभामा उपस्थित महानुभावहरुलाई स्वागत मन्तव्यसहित हालसम्मको कम्पनीको उपलब्धी, चुनौति तथा भावी कार्यक्रमहरु वारे सभा समक्ष जानकारी गराउनु भयो ।

**सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन प्रस्तुती** : सभाको काम कारवाहीलाई अगाडी वढाउने क्रममा सभाका सभापतिज्यूले आफ्नो मन्तव्यसहित सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

सभाका सभापतिज्यूले सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको यस कम्पनी तथा सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लि. सहितको एकिकृत २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण तथा अनुसूचीहरु लगायतका अन्य वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो ।

**छलफलमा सहभागी शेयरधनीहरुः**

छलफलमा सहभागी हुन चाहनु हुने शेयधनी महानुभावहरु र वहाँहरुका जिज्ञासा तथा सुझावहरु राख्न आग्रह भए बमोजिम देहाय वमोजिमका शेयरधनीहरुले खासगरी निम्न वमोजिमका जिज्ञासा तथा सुझावहरु मौखिक एवं लिखित रुपमा सभा समक्ष राख्नु भयो ।

(१) **श्री सुदीप श्रेष्ठ** : कम्पनीले १२ प्रतिशत प्रतिफल दिएकोमा धन्यवाद दिँदै शेयरधनीहरुले राम्रो प्रतिफल पाउने आसाले लगानी गर्ने भएकाले बीमा बजारको प्रतिस्पर्धामा अझै मेहनत गरी आगामी वर्षमा अझै राम्रो प्रतिफल दिन सुझाव दिनुभयो ।

(२) **श्री शत्रुघन श्रेष्ठ** : कम्पनीले अघिल्लो वर्ष १६ प्रतिशत तथा यो वर्ष १२ प्रतिशत प्रतिफल दिएकोमा धन्यवाद दिँदै कम्पनी छोटो अवधिमा उत्कृष्ट र विश्वसनीय भएको, इन्भेष्टमेन्ट राम्रो सँग गरेको, कुल बीमाशुल्क राम्रो सँग संकलन गरेको कुरा व्यक्त गर्दै आगामी वर्षमा दीर्घकालीन रुपमा जीवन बीमाकोष बढाउने, कर्मचारीको सीप बृद्धी, कामको आधारमा पुरस्कार र दण्ड दिनु पर्ने र संस्थागत सामाजिक उत्तरदायित्व खर्च उपयुक्त ठाउँमा गर्नुपर्ने सुझाव दिनु भयो ।

(३) **श्री चन्द्र नारायण श्रेष्ठ** : कम्पनीले १२ प्रतिशत बोनस दिएको र प्रिमियम राम्रो संकलन गरेकोमा धन्यवाद दिँदै आगामी वर्षमा Total Cost र Fair Value को विवरण छुट्टाछुट्टै देखाउन र व्यवस्थापन खर्चलाई कम गर्ने तर्फ मध्यनजर राखी कार्य गर्न सुझाव दिनु भयो ।

(४) **श्री उत्तम दत्त पाण्डे** : कम्पनीले चुक्ता पूँजीको १२ प्रतिशत बोनस शेयर दिँदै चुक्ता पूँजी रु. ५ अर्व १९ करोड ६८ लाख पु-याउन सफल भई छोटो समयमा बीमा प्राधिकरणले तोकेको चुक्ता

Reliable Nepal Life Insurance Ltd. Kathmandu

पूँजी पु-याउन सफल भएको र बीमा क्षेत्रबाटै पहिलो Mutual Fund को रुपमा **"रिलायवल समृद्धी योजना"** ल्याई बीमा क्षेत्रको नयाँ लगानीको ढोका खोलेकोमा कम्पनीलाई धन्यवाद दिँदै आगामी दिनमा समेत यसैगरी कार्य गर्न सुझाव दिनु भयो ।

(५) **श्री ब्रम्ह देव शाक्य :** कम्पनीले चुक्ता पूँजकिो १२ प्रतिशत बोनस शेयर तथा सो को कर प्रयोजनको लागि चुक्ता पूँजीको ०.६३ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा सहर्ष समर्थन गर्दै बोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पूँजी बीमा प्राधिकरणले निर्धारण गरेको भन्दा बढी भई सकेकोले कम्पनीले आगामी बर्ष देखि प्रतिफल बाँड्दा नगद लाभांश नै दिन सुझाव दिनु भयो ।

(६) **श्री इन्द्र प्रसाद लामिछाने :** कम्पनीले प्रतिफल दोहोरो अंकमा दिएकोमा धन्यवाद दिँदै EPS र P/E Ratio लाई सुधार गर्दै जानु पर्ने, शेयर प्रिमियममा मात्र निर्भर नभई आगामी वर्ष व्यवसाय बढाएर लाभांश दिनु पर्ने, अभिकर्ता र कर्मचारीहरुलाई निरन्तर तालिम दिई अघि बढ्नु पर्ने, साधारण सभामा दिइएका शेयरधनीहरुका सुझावहरुलाई माइन्यूटमा लेखी कार्यान्वयन गर्नु पर्ने सुझाव दिनु भयो ।

(७) **श्री उद्दव प्रसाद घिमिरेले :** कम्पनीले आफ्नो सिष्टर अर्गनाइजेसनको रुपमा रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड स्थापना गरेको कार्य स्वागत योग्य रहेको भन्दै Corporate Building बनाउन ध्यानाकर्षण हुनुपर्ने, व्यवसायको Sectorwise disclosure मा ध्यान दिनुपर्ने, कम्पनीले Premium Growth बढाउनु पर्ने सुझाव दिनु भयो ।

(८) **श्री गोविन्द बहादुर के.सी. :** कम्पनीले चुक्ता पूँजीको १२ प्रतिशत बोनस शेयर तथा बोनस शेयरको कर प्रयोजनको लागि चुक्ता पूँजीको ०.६३ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद दिँदै व्यवस्थापन टीम र सञ्चालक समिति मिलेर कम्पनीलाई अझै राम्रो अवस्थामा पु-याउनु पर्ने, लगानी विविधीकरणको लागि Bond जारी गर्न ध्यान दिनुपर्ने सुझाव दिँदै हाम्रो मात्र होइन राम्रो रिलायवल कम्पनी होस् भन्ने कामना गर्नु भयो ।

(९) **श्री भेषराज भण्डारी :** बोनस नघट्ने गरी कार्य गर्न अनुरोध गर्दै हाल कम्पनीका सूचकहरु राम्रो रहेको र अझै बढाउने तर्फ कार्य गर्नु पर्ने, वीमा अभिकर्ताको सक्रियता धेरै बढाउन कम्पनीले ध्यान दिनु पर्ने र सञ्चालक समितिको बैठक संख्या कम गर्ने तर्फ ध्यान दिनुपर्ने सुझाव दिनु भयो ।

(१०) **श्री गुणराज भट्ट :** नेपालको आर्थिक स्थिति ओरालो लागेको, बैंकको निक्षेपमा दिने व्याज घट्दै गएको अवस्थामा पनि कर बाहेक १२ प्रतिशत बोनस दिने प्रस्तावका लागि कम्पनी परिवारलाई धन्यवाद दिँदै कर्मचारी कम्पनीका हात्तिपाइले खम्बा रहेको, कर्मचारीहरुले मन, वचन, कर्मले राम्रो काम गर्दा मात्रै कम्पनीले प्रगति गर्ने भएकोले कर्मचारीहरुलाई आकर्षक तलव, भत्ता, सुविधा तथा यथासमयमा पदोन्नतीको व्यवस्था गरी अनुभवी विशेषज्ञ कर्मचारी लाई लामो समय सम्म कम्पनीमा टिकाई राख्ने व्यवस्था गर्न अध्यक्षज्यूको ध्यानाकर्षण गराउँदै

Reliable Nepal Life Insurance Ltd. Kathmandu

प्रविधि अत्यन्तै छिटो छरितो परिवर्तन हुँदै गईरहेको हुँदा कर्मचारीहरुलाई आवश्यक प्राविधिक तालिमको व्यवस्था गर्न समेत सुझाव दिनु भयो ।

(११) **जगन्नाथ आचार्य:** कम्पनीले आ.व.२०८०/८१ को मुनाफाबाट शेयरधनीहरुलाई १२ प्रतिशत बोनस शेयर र सोको कर प्रयोजनको लागि ०.६३ प्रतिशत नगद लाभांश गरी १२.६३ प्रतिशत प्रतिफल प्रस्ताव आएकोमा धन्यवाद दिँदै बैंक तथा वित्तीय संस्थाहरुको निक्षेपमा दिने व्याजदर घटिरहेको अवस्थामा केही प्रतिशत रकम पर्यटन, जलविद्युत र पूँजी बजारमा लगानी गर्न, समयमै आर्थिक विवरण तयार गरी लेखा परीक्षण गराई वार्षिक साधारण सभा तोकिएकै समयमा सम्पन्न गर्न, कर्मचारीहरुलाई समय सापेक्ष तालिम र प्रशिक्षणको व्यवस्था गर्न, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विशेष गरी विपन्न बर्गलाई प्रत्यक्ष रुपमा राहत पुग्ने किसिमको क्षेत्र जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, शौचालय आदिमा खर्च गर्न र उक्त खर्च सही तरिकाले उपयोग भएको छ, छैन भनी समय समयमा अनुगमन गर्न सुझाव दिनु भयो ।

(१२) **श्री डमरु वल्लभ घिमिरे:** कम्पनीको वित्तीय विवरणहरु राम्रो भएकोमा धन्यवाद दिँदै अब कम्पनीले Corporate Building बनाउन ध्यान दिनु पर्ने सुझाव दिनु भयो ।

(१३) **श्री बैजू नाथ रौनियार:** कम्पनीले चुक्ता पूँजीको १२ प्रतिशत बोनस शेयर प्रस्ताव गरेको र यसबाट नियमन निकायले तोकेको पूँजी पु-याउन सफल भएको, सहायक कम्पनी गठन गरेको, Mutual Fund मार्फत कोष संकलन गरेको, शेयर प्रिमियमको रकम बाँकी रहेकोमा धन्यवाद दिँदै अर्को वर्ष Earning Per Share मा सुधार गर्न र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उचित ठाउँमा खर्च गर्न सुझाव दिनु भयो ।

(१४) **श्री निरुपमा गुप्ता:** शेयरधनीहरुको लागि बोनस शेयर प्रस्ताव गर्नु भएकोमा धन्यवाद दिँदै आगामी वर्षमा पनि बोनस शेयरमानै जोड दिन र वार्षिक साधारण सभा समयमै गर्न, CSR कार्य गर्दा निर्धन, अशक्त लाई लगानी गर्दै देश निर्माणमा सहयोग गर्न, खर्च बढेकोमा मितव्ययिता अपनाउन सुझाव दिनु भयो ।

(१५) **इन्द्र कृष्ण श्रेष्ठ** :कम्पनीले १२ प्रतिशत बोनस शेयर प्रस्ताव गरेकोमा कम्पनीको व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिँदै आगामी दिनमा समेत कम्पनीको प्रगतिको कामना गर्नु भयो ।

(१६) **उत्तम पाठक** : कम्पनीको Solvency Ratio र EPS राम्रो छ । कम्पनीले १२ प्रतिशत बोनस शेयर प्रस्ताव गरेकोमा धन्यवाद दिँदै वार्षिक साधारण सभा तोकिएको समयमा गर्न र आगामी साधारण सभामा हाजिरी व्यवस्थापनमा ध्यान दिन सुझाव दिनु भयो ।

(१७) **युगल वसेल** : EPS, Book Value र Solvency बढेकोमा राम्रो छ । दावी भुक्तानी बढेको तथा बीमालेखको संख्या घटेकोमा कम्पनीलाई ध्यानाकर्षण गराउनु भयो ।

(१८) **नरसिंह लाल चँखु** : Business Strength मा ध्यान दिई Profit Maximization गर्न, बजारमुखी तथा परिणाममुखी कार्य गर्न, सुशासन र प्रणाली व्यवस्थापनमा ध्यान दिन सुझाव दिनु भयो ।

Reliable Nepal Life Insurance Ltd. Kathmandu

(१९) **ध्रुव न्यौपाने** : प्रथम विमाशुल्क राम्रो भएको र लगानी व्यवस्थापन राम्रो गरेकोमा धन्यवाद दिँदै Surrender Value, Claim payment व्यवस्थापन गर्न र Per Policy Income मा ध्यान दिनु पर्ने सुझाव दिनु भयो ।

(२०) **उत्सव श्रेष्ठ** : कम्पनीले १२ प्रतिशत बोनस शेयर प्रस्ताव गरेकोमा धन्यवाद दिँदै, वार्षिक साधारण सभा समयमै गर्नु पर्ने र खर्च नियन्त्रणमा ध्यान दिन सुझाव दिनु भयो ।

(२१) **लवराज जोशी** : बोनस शेयर प्रस्तावित गरेकोमा कम्पनीलाई धन्यवाद दिँदै वार्षिक साधारण सभा समयमै गर्न सुझाव दिनु भयो ।

(२२) **अमृत दास रञ्जित** : १२ प्रतिशत बोनस शेयर प्रस्तावको लागि धन्यवाद दिँदै कानूनले निर्दिष्ट गरेको समयमा साधारण सभा गर्नु पर्ने, बीमा प्राधिकरणले गरेका कैफियतहरु आगामी वर्षमा सुधार गर्दै लानु पर्ने, आगामी दिनमा प्रतिफल दिँदा बोनस शेयर र नगद आधा आधा गरेर दिए राम्रो हुने सुझाव दिनु भयो ।

(२३) **राम श्रेष्ठ** : कम्पनीले १२ प्रतिशत बोनस शेयर प्रस्तावित गरेकोमा धन्यवाद दिँदै साधारणसभामा सभा नसकिन्जेल सम्म हाजिरी खुल्ला रहनु पर्ने र प्रवेश पत्रमा आधिकारिक सही हुनु पर्ने सुझाव दिनु भयो ।

(२४) **लक्ष्मण बहादुर श्रेष्ठ:** कम्पनीले आर्थिक वर्ष २०८०/८१ मा शेयरधनीहरुलाई १२ प्रतिशत बोनस शेयर र ०.६३ प्रतिशत (कर प्रयोजनको लागि) नगद लाभांश दिनु भएकोमा धन्यवाद दिँदै आगामी वर्षहरुमा लाभांश बितरण गर्दा बोनस शेयर र नगद लाभांश ५०/५० प्रतिशतका हिसावले दिन आग्रह गर्नु भयो । आगामि वार्षिक साधारण सभा आर्थिक सुशासनलाई ध्यानमा राखी दोस्रो त्रैमासिक भित्र गर्न अनुरोध गर्दै खर्चमा मितव्ययीता अपनाउन सुझाव दिनु भयो ।

(२५) **दुवेन्द्र प्रसाद श्रेष्ठ:** कम्पनीको प्रगतीको कामना गर्दै कम्पनीको केन्द्रीय कार्यालय आफ्नै भवनमा हुनु पर्ने, जीवन बीमा सहज हुनु पर्ने, शाखा विस्तार हुनु पर्ने जस्ता सुझाव दिनु भयो ।

(२६) **नरेन्द्र मान श्रेष्ठ** : साधारण सभामा हाजिरी गर्ने काउण्टर कम भएको र एकजना शेयरधनीले पटक पटक हाजिरी गरेकाले हाजिरी गर्ने ठाउँमा अलि भिड भएको देखिन्छ । अर्को वर्ष साधारण सभा गर्दा अलि व्यवस्थित तरिकाले गर्न सुझाव दिनु भयो ।

(२७) **सुरेन्द्र चिमौरिया** : हालको अवस्थामा पनि कम्पनीले शेयरधनीहरलाई चुक्ता पूँजीको १२ प्रतिशत बोनस शेयर दिन सफल भएकोमा कम्पनी प्रति सुभेक्षा प्रकट गर्दै तोकिएको समयमा साधारण सभा गर्न सुझाव दिनु भयो ।

**तत् पश्चात शेयरधनीहरुले राख्नु भएका जिज्ञासाहरुका सम्वन्धमा सभाध्यक्ष तथा वहाँको अनुमतिले प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम जवाफ दिनुभयो ।**

Reliable Nepal Life Insurance Ltd. Kathmandu

- आगामी वर्षमा कम्पनीको व्यवसायमा अझै वृद्धी गरी शेयरधनीहरुलाई अझै बढी प्रतिफल दिन सञ्चालक समिति तथा व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरु अनवरत रुपमा लागि पर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
- समयमा लेखापरीक्षण गरी कानूनद्वारा निर्धारित समयभित्र कम्पनीको वार्षिक साधारण सभा सम्पन्न गरिनेछ । लगानीमा विविधिकरण गर्दै जोखिमको राम्ररी विश्लेषण गरेर मात्र लगानी गरिनेछ ।
- कम्पनीले आफ्ना कर्मचारीहरुलाई समय समयमा आवश्यक तालिमको व्यवस्था गर्दै आइरहेको र यसलाई निरन्तरता दिइनेछ ।
- नियमनकारी निकायहरुले दिएका निर्देशनहरुको पालना कम्पनीले गरिरहेको र सो कार्यलाई आगामी दिनमा समेत निरन्तरता दिइनेछ ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्च उपयुक्त ठाउँमा गरिएको र आगामी दिनमा उक्त खर्च सही तरिकाले उपयोग भएको छ, छैन भनी अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।
- शेयरधनीहरुले दिनु भएको सुझाव बमोजिम खर्च कम गर्न पहल गरिनेछ । EPS र P/E Ratio बढाउन पहल गरिने छ ।
- संस्थाको Corporate Building सम्वन्धमा जग्गा खरिद गर्नको लागि पहल भैरहेको छ ।
- आगामी दिनमा प्रतिफल दिंदा बोनस शेयर र नगद आधा आधा गरेर दिनु पर्ने भन्ने शेयरधनीहरुको सुझाव सम्वन्धमा नियामक निकायको स्वीकृति लिई प्रतिफल बाँड्ने समयको परिस्थितिलाई हेरी उपयुक्त निर्णय गरिने छ ।
- कम्पनीका शेयरधनी लगायत सम्पूर्ण सरोकारवालाहरुको सल्लाह, सुझाव र सहयोगको कारणवाट कम्पनी यो स्थानमा पुगेको र कम्पनीले आगामी दिनहरुमा समेत यहाँहरुको सल्लाह, सुझाव र सहयोगलाई आत्मसाथ गर्दै कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
- आगामी साधारण सभालाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

**सभाको निर्णयहरु :**

शेयरधनीहरुको जिज्ञासाहरुको जवाफ पश्चात सभा समक्ष देहाय वमोजिम निर्धारीत प्रस्तावहरु निर्णयार्थ पेश गरीएकोमा सभाबाट निम्नानुसार निर्णयहरु गरियो ।

**(१) सामान्य प्रस्तावहरु :-**

**(क) संचालक समितिको आठौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने :**

Reliable Nepal Life Insurance Ltd. Kathmandu

अध्यक्षज्यूको मन्तव्यसहित सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन २०८०/८१ पारित गरियोस् भनी सभापतिज्यूवाट प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट कम्पनीको सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित गरियो ।

**(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity, २०८० श्रावण १ गतेवाट २०८१ आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसूचीहरु उपर छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity,२०८० श्रावण १ गतेवाट २०८१ आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसूचीहरु (NFRS अनुसारको वित्तीय विवरणहरु समेत) पारित गरियोस भनी सभापतिज्यूवाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतीवाट पारित गरियो ।

**(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०८०/०८१ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व.२०८०/०८१ को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरणहरु पारित गरियोस भनी सभापतिज्यूवाट प्रस्ताव प्रस्तुत हुँदा सभामा उपस्थित शेयरधनीहरुवाट उक्त प्रस्ताब गरिए बमोजिमको एकिकृत वित्तीय विवरणहरु सर्वसम्मतीवाट पारित गरियो ।

**घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षण समितिवाट सिफारीस गरिएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा यस कम्पनीको लेखापरीक्षण समितिको मिति २०८२/०२/०५ गतेको बैठकबाट यस कम्पनीको आ.व.२०८१/८२ को

Reliable Nepal Life Insurance Ltd. Kathmandu

लेखापरीक्षकमा पूनः नियुक्तिको लागि सिफारिस गरिएका हालका लेखापरीक्षक **श्री सुजन काफ्ले एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स लाई** देहाय वमोजिमका कार्यहरु गर्ने गरी बार्षिक पारिश्रमिक मुल्य अभिवृद्धि कर बाहेक रु.३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) प्रदान गर्ने गरी यस कम्पनीको आ.ब. २०८१/८२ को लेखापरीक्षकमा नियुक्ति गर्ने निर्णय सभाभाट सर्वसम्मत रुपमा पारीत गरियो ।

**लेखापरीक्षकले सम्पन्न गर्नु पर्ने कार्यहरुः**

(१) सहायक कम्पनी सहितको एकिकृत वित्तीय विवरण सहित आ.व. २०८१/०८२ को लेखापरीक्षण तथा वित्तीय विवरणहरु प्रमाणित,
(२) लङ्ग फर्म अडिट रिपोर्ट,
(३) कर लेखापरीक्षण,
(४) कम्पनी ऐन, २०६३ को दफा ७८ को विवरण प्रमाणित ।

(ङ) **कम्पनीको आ.व. २०८०/८१ सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्व ६४ करोडको ०.६३ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरिए बमोजिमको वोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने ।**
कम्पनीको आ.व. २०८०/८१ सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजी रु.४ अर्व ६४ करोडको ०.६३ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरिए बमोजिम १२ प्रतिशत वोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारीत गरीयो ।

**(ख) विशेष प्रस्ताव**

(क) **संचालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु.४,६४,००,००,०००।०० को १२ प्रतिशतले हुने वोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने ।**
संचालक समितिले प्रस्ताव गरे वमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. ४ अर्व ६४ करोडको १२ प्रतिशतले हुने वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारीत गरीयो ।

(ख) **वोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पुँजी रु.५,१९,६८,००,०००।०० पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ को (ख) र (ग) मा भएको तत्कालिन जारी र चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारीत गर्ने ।**
वोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पुँजी रु.५ अर्व १९ करोड ६८ लाख पुग्ने हुँदा यस सभामा प्रवन्ध पत्रमा संशोधनको लागि पेश गरिएको तीन महले

Reliable Nepal Life Insurance Ltd. Kathmandu

विवरण बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ को (ख) र (ग) मा देहाय वमोजिम हुनेगरी संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारीत गरीयो ।

**प्रवन्ध-पत्रको दफा ६.**

(ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रु.५,१९,६८,००,०००।- (पाँच अर्व उन्नाइस करोड अठ्सठ्ठी लाख रुपैया) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु.१००/- दरका ५,१९,६८,००० साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ग) कम्पनीको चुक्ता पूँजी रु.५,१९,६८,००,०००।-(पाँच अर्व उन्नाइस करोड अठ्सठ्ठी लाख रुपैया) हुनेछ । सो पूँजी लाई प्रति शेयर रु.१००/- दरका ५,१९,६८,००० कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ ।

**(ग) संशोधित प्रवन्धपत्र अभिलेख गर्ने क्रममा: नियमनकारी निकायहरुवाट कुनै फेरबदल गर्न वा अन्य आवश्यक कार्यहरु गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

संशोधित प्रवन्धपत्र अभिलेख गर्ने क्रममा नियमनकारी निकायहरुवाट कुनै फेरवदल गर्न वा अन्य आवश्यक कार्य गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारीत गरियो ।

विविध सम्वन्धमा सभामा छलफल गर्नु पर्ने अन्य विषयहरु नभएको व्यहोरा सभाको सभापतित्व गर्नु हुने सञ्चालक समितिका अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

## धन्यवाद ज्ञापन तथा सभाको विसर्जन

अन्त्यमा, सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिका अध्यक्ष श्री उदय नेपाली श्रेष्ठज्यूले कम्पनीको श्रीवृद्धिमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु,सञ्चालकज्यूहरु शेयरधनीज्यूहरु, अभिकर्ताहरु, पत्रकारमित्रहरु, कर्मचारी वर्ग, अन्य शुभेच्छुक तथा यस सभालाई स्थान उपलव्ध गराई सभालाई सफल बनाउन सहयोग गरी दिनु हुने आम्रपाली व्यांकेट व्यवस्थापन लगायत सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा दिनको २.३० वजे समापन भएको घोषणा गर्नु भयो ।

...................................
माधव राज शर्मा पोखेल
कम्पनी सचिव

Reliable Nepal Life Insurance Ltd. Kathmandu

...................................
उदय नेपाली श्रेष्ठ
अध्यक्ष
संचालक समिति